नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक २५२ २०७८ साल बैशाख २९ गते बुधबार (12 May 2021 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छुवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- विवाहमा लेनदेख गर्ने तथा दाईजो नदिएको कारण सताउनेलाई पाँच वर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा वृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा बेवास्ता गरी छोड्नेलाई तीनवर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिबाना हुने,
- मन्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहु विवाह स्वतः बदर हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोना महामारी र ... ३ पृष्ठमा : उपत्यकामा जेठ १३ सम्म ... ३ पृष्ठमा : भारतमा कोभिड संक्रमित ...

# कोरोना संक्रमित दुईको मृत्यु, मृत्यु हुनेको संख्या ५१
## थप ४४ जना संक्रमित, संक्रमितको संख्या २ हजार ४ सय ९

**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

कोरोना पोजेटिभ भएका एक सप्तरीका पुरुषको मंगलबार उपचारका क्रममा अस्पतालमा मृत्यु भएको छ भने एक बृद्धाको जिल्लास्थित आफ्नै घरमा मृत्यु भएको छ ।

यो संगै सप्तरीमा कोभिड-१९ को संक्रमणबाट मृत्यु हुनेहरूको संख्या ५१ पुगेको छ । जसमा पहिलो लहरमा ४२ जना तथा हाल दोस्रो लहरमा ९ जनाको मृत्यु भइसकेको छ ।

सप्तरीको हनुमाननगर कंकालनी नगरपालिका वडा न. १ भलुवा निवासी ६१ वर्षीय सो पुरुषको धरानस्थित बि.पि कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा उपचारका क्रममा मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

मुटुमा समस्या देखिएपछि वैशाख २७ गते उनलाई सो अस्पतालको इमरजेन्सी वार्डमा उपचारको लागि भर्ना गरिएको थियो । सो क्रममा पिसिआर परिक्षण गर्दा कोभिड-१९ पोजेटिभ पुष्टि भएको थियो ।

यस्तै सप्तरीको कञ्चनरुप नगरपालिका ८ स्थित संक्रमित एक ६१ बर्षिया महिलाको मृत्यु भएको छ । ती महिलाको घरका चार जना परिवारसमेत संक्रमित थिए । उनीहरु सबै होम आइशोलेशनमामा छन् ।

संक्रमितमध्ये सबभन्दा पाको उमेरकी ती महिलाको मृत्यु भएको कञ्चनरुप नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

यसैबीच सप्तरीमा बुधबार ७८ जनाको पिसिआर परिक्षण गर्दा ४४ जना कोरोना संक्रमित फेला परेका छन् ।

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा ७८ जनाको पिसिआर परीक्षण गर्दा ४४ जनाको रिपोर्ट पोजेटिभ आएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । योसँगै सप्तरीमा संक्रमित हुनेको संख्या २ हजार ४ सय ९ पुगेको छ ।

यता बुधबार ५ जना संक्रमणमुक्त भएका छन् । योसँगै कोरोनाबाट निको हुनेको संख्या १ हजार ७ सय ९८ पुगेको छ ।

# ट्रकले लियो पति पत्नीको ज्यान

**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका ३ पोर्ताहामा मंगलबार बिहान एक मालवाहक ट्रकले ठक्कर दिँदा साइकलमा सवार एक दम्पत्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानिय ४५ वर्षिय सत्यनारायण मंडल र उनकी ४० वर्षिया पत्नी सुनितादेवी मंडल रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

लकडाउनका समयमा

*बाँकी अन्तिम पृष्ठमा*

# सेभ द सप्तरीद्वारा अस्पताललाई टेन्ट हस्तान्तरण



**दैनिक समाचारदाता**
**राजविराज, २८ बैशाख ।**

कोभिड १९ को दोश्रो लहर अर्न्तगत कोरोना भाइरसबाट जोगिनको लागि राजविराजस्थित गजेन्द्र नारायण सिंह अस्पताललाई दुई थान टेन्ट हस्तान्तरण गरिएको छ ।


सेभ द चिल्ड्रेन तथा सेभ द सप्तरीको सहयोगमा अस्पताललाई उक्त दुई थान टेन्ट हस्तान्तरण गरिएको हो ।

करिब दुई लाख ३२ हजार २ सय मुल्य बराबरको उक्त टेन्ट अस्पतालका प्रमुख रन्जीत कुमार झालाई सेभ द सप्तरीका स्वास्थ्य अधिकृत बिष्णुकान्त देवले टेन्ट हस्तान्तरण गरे ।

टेन्ट हस्तान्तरण कार्यक्रममा प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणी पोखरेल, प्रहरी उपरिक्षक राजेन्द्र प्रसाद धमला, स्वासथ्य कार्यालय प्रमुख दुनियालाल यादव, सेभ द सप्तरीका फिल्ड अधिकृत बिष्णुकान्त देव, बिद्या मण्डल र सुपरभाइजर रन्जना गुप्ता लगायतका उपस्थित रहेको थियो ।




विष्णुपुर गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी




तिरहुत गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

# कोरोना महामारी र खोपको विश्व राजनीति

काठमाडौं, २८ वैशाख (रासस)।

कोभिड-१९ को जीवाणुले विश्वभरिका देशलाई डस्न थालेको ठ्याक्कै डेढ वर्ष भयो। सन् २०२० को डिसेम्बरमा चीनको वुहानबाट उत्पत्ति भएको भनिएको यो विषाक्त जीवाणुले आजसम्म आइपुग्दा विश्व विचरण गरिसकेको छ। यो आलेख तयार पार्दासम्म यसको असरबाट विश्वका कुनाकाप्चाका ३२ लाखभन्दा बढी नागरिकले ज्यान गुमाइसकेका छन्। त्यस्तै अहिलेसम्म यसबाट विश्वका १५ करोडभन्दा बढी मानिस सङ्क्रमित भएका छन्।

वर्षदिनपछि यो जीवाणुले नयाँ नयाँ स्वरुप लिएको छ र दोस्रो या तेस्रो लहरका रुपमा कतिपय देशमा प्रवेश गरिरहेको छ। जस्तो कि केही समयअघि मात्र कोरोनाको नयाँ प्रजाति (युके भेरिएन्ट) जन्मिएको प्रमाणित भएको छ। यो अघिल्लो वर्षकोभन्दा झन् बढी सङ्क्रामक र घातक देखिएको वैज्ञानिकहरुले बताएका छन्।

यसको प्रवेश दोस्रो लहरका रुपमा भारतमा भएको छ जसले अहिले भारतसहित एसियाका कतिपय देशमा निकै गाह्रो बनाएको छ। पछिल्लो समयमा यो सङ्क्रमण दोस्रो लहरका रुपमा सम्भवतः भारत हुँदै नेपाल पनि छिरेको छ। दोस्रो लहरका रुपमा आएको यो भाइरस अहिले नेपालमा पनि देशव्यापी रुपमा विस्तार भइरहेको देखिएको छ।

कोभिड-१९ को खोपको आविश्वकार भएको केही महिनामै यसको वितरण बारेको चासो पनि विश्वव्यापी भएको छ। खोपको उपलब्धताप्रति विश्वका देशहरुका प्रयासहरु पनि बढ्दो छ। अनि नागरिकले एकापसमा सोध्ने गर्छन्- खोप लगाइयो? मेरो पालो कहिले आउँछ? कतिपय देशहरुले त आफ्ना सबै नागरिकलाई खोप लगाइसक्ने मिति नै सार्वजनिक गरिसकेका छन् भने केहीलाई यसको पहुँचमा नै अझै आशङ्का छ।

कोरोना जीवाणुको विश्वको अर्थराजनीतिसँगै यतिखेर खोपको राजनीति पनि भित्रिएको छ। जसरी चीनबाट कोभिड १९ को जीवाणुले युरोप हुँदै अमेरिका भ्रमण गर्दै थियो त्यतिबेला अमेरिकी नेतृत्वका कतिपय पश्चिमा देशहरुले महामारीको राजनीतिक भाषाको पनि प्रयोग गरेका थिए। यसकारण अमेरिका पुगेको यो जीवाणुको नियन्त्रणका लागि केही ढिला भइसकेको थियो र यसले अमेरिकी भूमिमा पनि आफ्नो रौद्र रुप सजिलै देखायो।

त्यस्तै भएको छ यतिखेर पनि। जसका कारण कोरोनाको खोपमा पनि राजनीति घुसेको छ। कतिपय विश्वका शक्ति र पहुँचवाला देशहरुले आफ्ना नागरिकलाई आवश्यक पर्नेजति खोपको जोहो गरिसकेका छन् र तिनको भण्डारण नै गरिएको सुनिएको छ। तर बाँकी विश्वले भने तिनै देशहरु र विश्व स्वास्थ्य संगठनको कोभ्याक्सको मुख हेरेरै बसिरहेको छ। यी देशले खोपको प्राप्ति र यसको उपलब्धताका बारेमा केही गर्न सक्ने अवस्थामा छैनन्। उनीहरु खोप अनुदानको पर्खाइमा छन्।

यही मे ५ तारिखसम्म विश्वमा खोपको वितरण र यसको उपलब्धता १ अर्ब २३ करोड मात्रा भन्दा केही बढी मात्र देखिएको छ। यो सङ्ख्यामा मात्र विश्वका देशहरुमा खोप वितरण भएको बीबीसी समाचारले जनाएको छ। यो विश्वका देशहरुमा वितरण मात्र भएको तथ्याङ्क हो, तर मानिसले लगाएको तथ्याङ्क होइन। खोप लगाउने काम विश्वका प्रायः अधिकांश देशमा शुरु भइसकेको छ तर खोप लिने व्यक्तिको सङ्ख्या भने यतिधेरै छैन।

बीबीसीका अनुसार विश्वका विभिन्न देशमा वितरण गरिएको खोपको मात्रा अनुसार सबैभन्दा धेरै मात्रा चीनमा उपलब्ध छ। त्यहाँ करिब ३० करोड मात्रा खोप उपलब्ध भएको बताइएको छ। चीन विश्वकै सबैभन्दा बढी खोप उपलब्ध भएको देश त हो तर यहाँको जनसङ्ख्याको तुलनामा भने धेरै होइन। विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको देश चीनलाई हेर्दा यहाँ उपलब्ध खोप जनसङ्ख्याको २० प्रतिशत मात्र हुन आउँछ।

त्यसो त चीन आफैले पनि खोप उत्पादन गरिरहेको छ तर उसले आफैले मात्र प्रयोग भने गरेको छैन। अफ्रिका, एसियाका विभिन्न देशमा चिनियाँ खोप वितरण भइरहेको छ। कतिपय विकासोन्मुख देशलाई चीनले अनुदानमै उपलब्ध गराएको छ भने कतिपय देशमा बिक्री थालेको छ।

त्यसपछिको देश अमेरिकामा यो खोप करिब २६ करोड मात्रा वितरण भएको देखिएको छ। हुनत यो खोपको मात्रा चीनको भन्दा थोरै हो, तर जनसङ्ख्यामा हेर्दा यो मात्राले यहाँको ७५ प्रतिशत जनसङ्ख्यालाई पुग्छ।

त्यस्तै भारतमा उपलब्ध खोपको मात्रा १६ करोड मात्र छ। विश्वको दोस्रो ठूलो जनसङ्ख्या भएको देश भारतीय नागरिकमा भने यो खोपको उपलब्धता जम्मा करिब १२ प्रतिशत हुन आउँछ। त्यसो त भारतमा खोप उत्पादन पनि भइरहेको छ तर उसले आफैलाई आवश्यक पर्ने खोप पनि उत्पादन गर्न तथा खोप लगाइदिन पनि सकिरहेको छैन। एकातिर जनसङ्ख्या ठूलो छ अर्कातर्फ भारतमा पछिल्लो समयमा महामारीको वृद्धि तीव्र रुपमा भइरहेको छ।

खोपको मात्रालाई जनसङ्ख्यासँग तुलना गरेर हेर्दा विश्वमा सबैभन्दा बढी उपलब्ध बेलायतमा छ। त्यहाँ ५ करोड भन्दा बढी खोप उपलब्ध छ र यहाँको जनसङ्ख्याका हिसाबले ७६ प्रतिशत भन्दा बढी नागरिकलाई लगाउन सहज हुनेछ। यसरी कतिपय पश्चिमा देशहरुले, विशेषगरी युरोपेली देशमा आफूलाई पुग्नेगरी खोपका मात्राहरु भण्डारण गरिराखेका भन्ने गरिएको छ। बेलायतको यो मात्रा हेर्दा त्यसमा विमती राख्नुपर्ने अवस्था छैन। त्यसो त कोरोना भाइरसको नयाँ प्रजातिले बेलायतलाई नै पछिल्लो समयमा असर पारेकोले पनि खोपको उत्पादनमा बेलायतले ध्यान दिएको पनि हुनसक्छ।

त्यसपछि बढी खोप ब्राजिल र जर्मनीमा उपलब्ध छ। ब्राजिलमा ४ करोड ६५ लाख मात्र खोप उपलब्ध रहेको छ भने जर्मनीमा ३ करोड ६५ लाखभन्दा बढी खोप उपलब्ध छ। यसरी जनसङ्ख्याका हिसाबले हेर्दा ब्राजिलमा उपलब्ध खोपले त्यहाँका करिब ३० प्रतिशत नागरिकलाई पुग्छ भने जर्मनीमा ४० प्रतिशतलाई पुग्न सक्नेछ।

खोपको आविस्कारले महामारीको अँध्यारोको वर्षदिनमा केही आशाको सञ्चार भएको छ। जनस्वास्थ्यका मापदण्ड अपनाउनु बाहेकको अर्को विकल्प नरहेको अवस्थामा खोप आएकोले नागरिकमा केही आशाको सञ्चार गराउनु स्वभाविकै हो।

तर खोप अझै पर्याप्त नभएको अवस्था एकातर्फ छ भने अर्कातर्फ महामारी निवारणको काम खोपले गर्नसक्ने विश्वासिलो आधार छैन। हाल विश्वका कैयौं देशमा खोप पुगिसकेको छ तर यसले के प्रतिशतसम्म काम गर्छ भन्ने बारेमा भने फरक फरक तथ्याङ्क भेटिन्छन्। खोपको आविस्कार वैज्ञानिकहरुको बडो संघर्षपूर्ण प्रयासको एउटा परिणाम हो र यसले यो महामारीको औषधी पनि छ भन्ने सन्देश भने दिन सफल भएको छ।

विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोस अधनाम गेब्रियसले हाल देखा परिरहेको विश्वका देशहरु र कोभिड-१९ को खोपका सम्झौताहरुले अहिले तेस्रो विश्वका कतिपय गरिब देशहरुलाई समस्या पर्ने त होइन भन्ने चुनौती बढेको बताउनुभयो। उहाँले भन्नुभयो "हाल संसारका देशहरु र कोभिडको खोप निर्माताका बीचमा जारी रहेका सम्झौताहरुले यस्तो अवस्थाको सिर्जना भएको छ कि यसले गरिब देशहरुमा खोप उपलब्ध नहुन सक्ने त्रास बढाएको छ। तर खोप अहिलेको संसारका लागि मानिसको जीवन बचाउन सकिने एक आधारभूत आवश्यकता र मानवअधिकार पनि हो, त्यसैले यो खोप सबैका लागि उपलब्ध हुनु आवश्यक छ।

हाल संसारका कैयौं देशमा कोभिडको खोप पुगेको छ, मात्रामा भने थोरै धेरै हुनसक्छ। तीमध्ये धेरै त विश्वका सम्पन्न देशहरु नै पर्दछन्। अनि अर्को महत्वपूर्ण कुरा त के छ भने संसारमा पुगेको कोभिडको खोपमध्ये कम्तीमा पनि ७५ प्रतिशत खोप सम्पन्न देशहरुमा मात्र पुगेको छ। यो अवस्थाले विश्वका गरिब देशहरुको हालत भोलि के होला? उनीहरुले आवश्यक र पर्याप्त मात्रामा खोप प्राप्त गर्न सक्लान कि नसक्लान? भन्ने चिन्ता बढाएको छ।

महानिर्देशक गेब्रियसले खासमा कोभ्याक्ससँग गरिब देशका लागि भनेर गरिएका कतिपय सहयोग र सम्झौताहरुको नजिकमै विश्वका यी देशहरुले आफूखुशी गरिरहेका सम्झौताले समस्या उत्पन्न गर्ला कि भन्ने लागेको चिन्ता व्यक्त गर्नुभयो।

उहाँको भनाई छ "म कुनै देश या खोप निर्माता कम्पनीलाई भन्न चाहन्न, मलाई लाग्छ यो कुनै एक देशको मात्र प्रयासले हुने होइन, यो विश्वव्यापी पहलको परिणामले मात्र हुन्छ। जसरी विश्वका देश महामारीबाट प्रताडित भएको अवस्था थियो आज सबैले अरु देश या गरिब देशहरुलाई पनि आफूलाई जस्तै अप्ठेरो परेको होला भनेर सोचिदिनुपर्छ।"

विश्व स्वास्थ्य संगठन (डब्ल्यूएचओ)ले चिनियाँ कम्पनी सिनोफार्मले बनाएको कोरोना खोपलाई हालैमात्र आपतकालीन प्रयोगमा ल्याउन अनुमति दिएको छ। डब्ल्यूएचओले अनुमति दिएको गैरपश्चिमी देशको यो पहिलो खोप हो। यसअघि डब्ल्यूएचओले फाइजर, एस्ट्राजेनेका, जोन्सन एण्ड जोन्सन र मोडर्ना खोपलाई अनुमति दिएको थियो।

सिनोफार्मको खोप चीनले यसअघि नै विश्वका धेरै नागरिकलाई उपलब्ध गराइसकेको छ। अफ्रिका, ल्याटिन अमेरिका र एशियाका धेरै देशहरुले चिनियाँ सिनोफार्मको खोपलाई आपतकालीन प्रयोगका लागि अनुमति दिएका छन्। तर पनि डब्ल्यूएचओले भने शुक्रबार मात्र यो खोपलाई अनुमति दिँदै यसको दुई डोज दिनुपर्ने र यो १८ वर्षभन्दा माथिका व्यक्तिहरुले मात्र प्रयोग गर्नुपर्ने जनाएको छ।

यसका साथै विश्व स्वास्थ्य संगठनले अर्को एक चिनियाँ कम्पनी सिनोभ्याक्स र रुसी खोप स्पुतनिक-भी को मूल्याङ्कन पनि गरिरहेकोले ती खोपको स्वीकृतिका बारेमा पनि केही समयमै निर्णय गर्ने जनाइएको छ।

करिब एक दर्जन खोपहरु विश्व स्वास्थ्य संगठनको अनुमतिले स्वीकृत भएका छन्। ती खोपहरु बेलायत, अमेरिका, चीन, रुसले निर्माण गरेका छन्। खोप उत्पादनका प्राविधिक कठिनाईहरु त छँदैछन्। त्यस बाहेक पनि खोप राष्ट्रियता, विश्व राजनीति, खोप उत्पादनमा विश्वका शक्ति राष्ट्रहरुबीचको प्रतिस्पर्धा तथा नयाँ स्वरुपका भाइरसको आगमन जस्ता कारणहरुले यो कार्यलाई अझ बढी जटिल बनाइदिएको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# अक्सिजनको माग उत्पादन भन्दा दोब्बर

काठमाडौं, २८ वैशाख (रासस)।

नेपालमा अहिले अक्सिजनको माग उत्पादन भन्दा दोब्बर छ।

कोभिड-१९ संकट व्यवस्थापन सञ्चालन केन्द्र (सिसिएमसी)ले मंगलबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा सो सचिवालयका संयोजक तथा प्रधानमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयका सचिव डा. खगराज बरालले अहिले सङ्क्रमितको उपचारका लागि दैनिक १५ हजार सिलिण्डर आवश्यक पर्ने भएपनि सात हजार २०० सिलिण्डर उत्पादन भइरहेको बताउनुभयो। नौ वटा अक्सिजन प्लान्टले दैनिक उक्त उत्पादन गरेका हुन्। "दोस्रो लहर निकै सङ्क्रामक देखिएकोले धेरै बिरामीलाई हाइफ्लो अक्सिजन चाहिएको छ। एउटा बिरामीलाई दैनिक पाँच वटासम्म सिलिण्डर चाहिएको छ," उहाँले भन्नुभयो, "अक्सिजनको उत्पादन र मागबीच ठूलो अन्तर छ।"

वैकल्पिक विधिबाट अक्सिजन उत्पादन बढाउन सकेमात्र अहिलेको आवश्यकता पूरा गर्न सकिने बताइएको छ। "विद्युतबाट अक्सिजन र पुराना अक्सिजन प्लाण्ट मर्मत गरेर उत्पादनको तयारीमा छौं", उहाँले भन्नुभयो, "विदेशबाट तरल अक्सिजनको आयात चाँडै गरेर पनि यसको अभाव हुन दिंदैनौ।"

उत्पादन बढाउन सरकारले तुरुन्तै नेपाल आयल निगम र कान्तिपुर अक्सिजन प्लान्ट मर्मत गरेर सञ्चालनको तयारी गरेको छ। प्लान्टमा समस्या भए नेपाली सेनाको टोलीले मर्मत सम्भार गरेर चलाउने छ। उपत्यकामा अभाव कम गर्न पोखरा, चितवन र बाराबाट अक्सिजन ल्याइएको छ। "धेरै बिरामीलाई अक्सिजन चाहिएको छ। उत्पादनको आधारमा पुऱ्याउन सकेका छैनौं", उहाँले भन्नुभयो, "अक्सिजनको अभावले मानवीय क्षति हुन नदिन हामी सचेत छौं।"

नेपालमा उत्पादन कम भएकोले दातृनिकायबाट तरल अक्सिजन ल्याउने जनाइएको छ। ति तरल अक्सिजन सिलिण्डरमा हालेर वितरण गर्ने तयारी छ। तरल अक्सिजन प्लान्ट तीन सरकारी र तीन निजी अस्पतालमा छ। तीमध्ये शुकराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, भेरी अस्पताल र नेपालगञ्ज मेडिकल कलेजमा सञ्चालनमा छन्।

सिसिएमसीले अस्पतालका बिरामीलाई अक्सिजन पुऱ्याउन आवश्यकताका आधारमा न्यूनतम कोटा निर्धारण गरेको छ। अक्सिजन उत्पादनमा समस्या पर्ने भएकोले नियमित विद्युत आपूर्तिको व्यवस्थापन गर्न नेपाल विद्युत प्राधिकरणलाई निर्देशन दिइएको छ।

# गाई काटेको आरोपमा पक्राउ

लहान, २८ वैशाख (रासस)।

गाई काटेको अभियोगमा सिरहाको लहान प्रहरीले दुईजना पक्राउ गरेको छ भने एकजना फरार भएका छन्। लहान नगरपालिका-२ स्थित मिलन चौकमा गाई काटेको भन्दै स्थानीयवासीले दिएको उजुरीका आधारमा स्थानीय दुई जनालाई पक्राउ गरेको प्रहरीले जनाएको छ। पक्राउ परेका दुवै जनाको नाममा खुलाउँदा अनुसन्धानमा असर पर्न सक्ने भन्दै प्रहरीले नाम खुलाउन चाहेन।

मासु प्रयोजनका लागि गाई काटेको भन्दै स्थानीयवासीले प्रहरीमा उजुरी दिएपछि घरमूली फरार भए पनि उहाँको पत्नी र सालोलाई पक्राउ गरिएको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक डा तपनकुमार दाहालले जानकारी दिनुभयो। पक्राउ परेका दुवैमाथि मुद्दा चलाइएको र फरारको खोजी भइरहेको प्रहरी नायब उपरीक्षक दाहालले बताउनुभयो।

# उपत्यकामा जेठ १३ सम्म निषेधाज्ञा थप

काठमाडौँ, २८ वैशाख (रासस)।
उपत्यकामा आगामी जेठ १३ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थप गरिएको छ।

उपत्यकाको तीन जिल्ला (काठमाडौँ, ललितपुर र भक्तपुर) का प्रमुख जिल्ला अधिकारीसहितको मंगलबारको बैठकले आगामी दुई साता निषेधाज्ञा लम्ब्याउने निर्णय गरेको हो। कोभिड १९ सङ्क्रमणको जोखिम बढ्दो रहेकाले निषेधाज्ञा लम्ब्याउनु परेको काठमाडौँका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले जानकारी दिनुभयो।

उहाँका अनुसार यसपाली निषेधाज्ञामा अत्यावश्यक खाद्य सामग्री खरिद बिक्रीका लागि बिहान १० बजेसम्म खुला रहने भएको छ। यसअघि बिहान ९ बजेसम्म मात्र खुला गरिएको थियो। उक्त समयमा अत्यावश्यक खाद्य सामग्रीका पसल, व्यवसाय र डिपार्टमेन्टल स्टोर्स( खाद्य सामग्री मात्र बिक्री गर्न) खुला हुने छ।

उपत्यकामा वैशाख १६ गतेदेखि निषेधाको आदेश जारी भएको थियो। त्यसपछि वैशाख २२ गते पुनः एक साता थप गर्दै २९ गते राति १२ बजेसम्मका लागि निषेधाज्ञा थपिएको थियो। सङ्क्रमणदर नघटेपछि पुनः दुई साता थप गरिएको हो।

सरकारले सङ्क्रामक रोग नियन्त्रण ऐन २०२० को उपदफा २ बमोजिम पहाडी र हिमाली जिल्लामा २०० र काठमाडौँ उपत्यका तथा तराइमा ५०० सक्रिय सङ्क्रमित रहेका जिल्लामा जिल्लाभर वा निश्चित क्षेत्रमा प्रमुख जिल्ला अधिकारीले निषेधाज्ञा तथा आवश्यक आदेश जारी गर्न सक्ने अधिकार दिएको छ।

सोही अधिकार प्रयोग गर्दै जारी गरिएको आदेशामा सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, तालीम, सेमिनार, सिनेमा हल, डान्सबार, दोहोरी, नाचघर, क्लब, पार्टी प्यालेस, स्विमिङ पुल, शपिङ मल, मनोरञ्जनस्थल, सैलुन, ब्युटी पार्लर, हेल्थ क्लब, फुटसल, जिमखाना, समूहमा खेलिने खेलकूद, पुस्तकालय, सङ्ग्रहालय, चिडियाखाना र दर्शकसहितको खेलकूद सञ्चालन गर्न नपाइने उल्लेख छ। सर्वसाधारणले औषधि, खाद्यवस्तु, तथा अन्य अत्यावश्यक उपभोग्य वस्तु वा सेवा खरिदका लागि तथा अत्यावश्यक सेवा लिनुपर्दा बाहेक कुनै पनि व्यक्ति घर बाहिर निस्किन पाउने छैन।

अत्यावश्यक काममा निस्किँदा पनि दुई व्यक्तिबीच कम्तिमा दुई मिटरको दूरी कायम गर्नुपर्ने छ। अनिवार्य रूपमा मास्कको प्रयोग गर्न, पटकपटक साबुन पानीले हात धुन र स्यानिटाइजरको प्रयोग गर्न आदेशमा भनिएको छ।

सार्वजनिक एवम् निजी सवारी साधन जेठ १३ गते राति १२ बजेसम्म उपत्यकामा सञ्चालनमा रोक लगाइएको छ। अत्यावश्यक सामग्री बोकेका ढुवानीका सवारी साधन, बिरामी तथा कुरुवा (बढीमा २ जना) बोकेका एम्बुलेन्स, स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीले प्रयोग गर्ने सवारी साधनबाहेकका अन्य सवारी साधन उपत्यका प्रवेशमा रोक लगाइएको छ।

अत्यावश्यक सेवा जस्तै एम्बुलेन्स खानेपानी, स्वास्थ्य, खाद्यान्न, तरकारी, फलफूल, दुध तथा दुग्धजन्य पदार्थ, सोको प्याकिङ सामग्री, कुखुराको दाना, चल्ला, मासुजन्य पदार्थ, इन्धन, खाना पकाउने ग्याँस, दूरसञ्चार, इन्टरनेट, क्वारेन्टिन, आइसोलेसन, फोहरमैला व्यवस्थापन, सरसफाइमा प्रयोग हुने साबुन, स्यानिटाइजर, कुरियर तथा डाँक सेवा, सरकारी छापाखानालगायतका ढुवानी तथा यातायातका साधन विषय उल्लेख गरी सञ्चालन गर्न पाइने छ।

अत्यावश्यक सेवामा तथा सरकारी कार्यालय, सार्वजनिक संस्था, बीमालगायतका कार्यालयले न्यून कर्मचारी उपस्थिति हुने गरी सञ्चालन गर्ने व्यवस्था मिलाउन भनिएको छ। बैंक तथा वित्तीय संस्थाको हकमा २५ प्रतिशत कार्यालयहरू खुला गर्न र २० प्रतिशत जनशक्ति मात्रै राख्न आदेशमा भनिएको छ। सोको विवरण नेपाल राष्ट्र बैंक र प्रशासन कार्यालयमा बुझाउनु पर्ने छ।

सरकारी कार्यालयको हकमा मन्त्रालयको सचिव वा विभागीय प्रमुखद्धारा जारी गरिएको पास र परिचयपत्रको आधारमा आवतजावत गर्न पाइने छ। सार्वजनिक संस्थाको हकमा सम्बन्धित प्रमुखले जारी गरेको पास र परिचयपत्र अनिवार्य हुनुपर्ने छ। बैंक तथा वित्तीय सस्थाका सवारी साधन सञ्चालनको हकमा सीमित सवारी पास जारी गरी सोको विवरण नेपाल राष्ट्र बैंक र जिल्ला प्रशासन कार्यालयलाई दिन भनिएको छ।

विकास निर्माणको सम्बन्धमा सम्बन्धित आयोजनाले नै आवासीय कामदार राखी अनिवार्य रूपमा स्वास्थ्य मापदण्ड पालना गरी कार्य सञ्चालन गर्ने गराउने र निर्माण सामग्री ढुवानीमा राति १० बजेदेखि बिहान चार बजेसम्म मात्र आवतजावत गर्न पाइने छ।

अन्तर्राष्ट्रिय उडानबाट विदेश जाने यात्रुको हकमा हवाइ टिकट, पासपोर्ट, भिसा हुनेलाई सिधै विमानस्थल जाने सवारी साधनको हकमा सहजीकरण गरिने छ।

माथि उल्लेखितबाहेकका अन्य अत्यावश्यक काम (अस्पताल आउने जाने बिरामी, कुरुवा, मृत्यु संस्कारमा अनिवार्य रूपमा उपस्थिति हुनु पर्नेको हक) मा सवारी साधन प्रयोग गर्नुपर्ने भएमा विवरण खुल्ने कागजातसहित सम्बन्धित वडाको सिफारिससहित प्रमुख जिल्ला अधिकारीबाट अनुमति लिनुपर्ने छ।

फुटपाथ, साइकलसहितका सबै व्यवसायमा रोक लगाइएको छ। विवाह, व्रतबन्ध होटल तथा पार्टी प्यालेसमा गर्न रोक लगाइएको छ। घरमै उक्त कार्य गर्दा दश जना भन्दा बढी उपस्थित हुन नपाइने आदेशमा भनिएको छ। औषधि तथा स्वास्थ्य सामग्रीसम्बन्धी पसल जुनसुकै समयमा निर्बाध रूपमा सञ्चालन गर्न पाइने छ।

# स्वास्थ्य सङ्कटकाल वा बन्दाबन्दी आवश्यक छ : मन्त्री त्रिपाठी

काठमाडौँ, २८ वैशाख (रासस)।
स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री हृदयेश त्रिपाठीले कोभिड-१९ को रोकथाम, उपचार र नियन्त्रणका लागि नयाँ कदम आवश्यक रहेको बताउनुभएको छ। मन्त्रालयले मंगलबार गरेको भर्चुअल पत्रकार सम्मेलनमा उहाँले कोभिड-१९ को रोकथाममा अहिलेको चालिएको कदम पर्याप्त नहुने भएकाले स्वास्थ्य संकटकाल वा बन्दाबन्दी आवश्यक रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सो सम्बन्धमा सामुहिक निर्णय आवश्यक हुन्छ।" उहाँले अहिलेको अवस्थामा दोस्रो लहरको सङ्क्रमण यही गतिमा बढे सरकारसँग भएका सघन उपचार कक्ष, हाइ डिपेन्डेन्सी युनिट र भेन्टिलेटरले थेग्न नसक्ने चेतावनी दिनुभयो। उहाँले महामारी क्रमशः उकालो लागिरहेकाले सबैलाई सचेत रहन आग्रह गर्दै मुलुकमा अहिले अक्सिजन ग्यासको अभाव रहेकाले कालाबजारी नगर्न अनुरोध गर्नुभयो।

मन्त्री त्रिपाठीले कोभिड-१९ विरुद्धको खोपका सम्बन्धमा नबुझी जथाभावी नबोल्न आग्रह गर्नुभयो। "खोप खरिदमा सरकारले कसैलाई पनि कमिशन दिएको छैन," उहाँले भन्नुभयो, "सरकारले प्रत्यक्ष खोप उत्पादक कम्पनीसँग चार डलरमा खरीद गरेको हो।" उहाँले 'कोभिशिल्ड' खोप उत्पादन कम्पनी सिरम इन्सिच्युट अफ इण्डियामा आगलागी र भारतमा सङ्क्रमण फैलिएकाले नेपालले खरीद गरेको १० लाख मात्रा खोप नआएको स्पष्ट गर्नुभयो। "भारतमा पनि सङ्क्रमण बढेर निर्यात गर्न दिइएको छैन," उहाँले भन्नुभयो, "भारतले निर्यातका लागि अनुमति दिएपछि नेपालमा खरीद गरिएको १० लाख मात्रा खोप आउँछ।"

उहाँले खोप नेपाल ल्याउनका लागि नेपालस्थित अमेरिका, रुस, चीन र बेलायतका राजदूतावाससँग परराष्ट्र मन्त्रालयले छलफल गरिरहेको जानकारी दिनुभयो।

सो अवसरमा मन्त्रालयका सचिव लक्ष्मण अर्यालले स्वास्थ्य संकटकाल लगाउनेबारे मन्त्रालयले सुझाव दिइसकेकाले अब सरकारले नै आवश्यकताका आधारमा घोषणा गर्न सक्ने बताउनुभयो। उहाँले स्वास्थ्यसम्बन्धी सामग्री, उपकरण खरिद र जनशक्ति व्यवस्थापनका लागि अर्थ मन्त्रालयसँग रु १४ अर्ब मंगलबारै सुनिश्चित गरिएको जानकारी दिनुभयो।

मन्त्रालयका प्रमुख विशेषज्ञ डा रोशन पोखरेलले एक महिनामा एक लाख २८ हजार सङ्क्रमित बढेको जानकारी दिँदै सबैको प्रयासबाट नै सङ्क्रमण रोकथाम र नियन्त्रण गर्न सकिने बताउनुभयो। उहाँले सङ्क्रमितको उपचारका लागि आवश्यक पर्ने रेम्डिसिभिर सहज रूपामा उपलब्ध गराउन थालिएको जानकारी पनि दिनुभयो।




## रुपनी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

## विश्व समाचार

### भारतमा कोभिड संक्रमित घट्न थाले, २४ घण्टामा तीन लाख ३० हजार नयाँ संक्रमित

नयाँ दिल्ली, २८ बैशाख (रासस-सिन्ह्वा)।
भारतमा कोरोनाभाइरस (कोभिड-१९) बाट संक्रमित हुने व्यक्तिको संख्यामा केही कमी हुन थालेको छ। कोभिड-१९ बाट प्रभावित धेरै राज्य र शहरमा निषेधाज्ञा, लकडाउन र प्रतिबन्धहरु घोषणा गरिएसँगै संक्रमितको संख्या घट्न थालेको पाइएको छ।

भारतको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले विगत २४ घण्टामा तीन लाख २९ हजार ९४२ जना नयाँ संक्रमित थपिएको जनाएको छ। यो सहित भारतमा हालसम्म कूल संक्रमितको संख्या दुई करोड २९ लाख ९२ हजार पुगेको छ।

यसैबीच, कोभिड-१९ को महामारीका कारण २४ घण्टामा थप तीन हजार ८७६ जनाको मृत्यु भएको छ। यो सहित भारतमा कोरोनाभाइरसको संक्रमणबाट मृत्यु हुनेको संख्या दुई लाख ४९ हजार ९९२ जना पुगेको मन्त्रालयले जनाएको छ।

भारतमा हाल ३७ लाख १५ हजार व्यक्ति सक्रिय संक्रमित अवस्थामा रहेका छन् जुन अघिल्लो दिनभन्दा ३० हजारले कमी हो। हालसम्म एक करोड ९० लाख २७ हजार व्यक्ति कोरोनाभाइरसबाट संक्रमणमुक्त भएका छन्।

कोरोनाभाइरसको दोस्रो लहरका कारण ठूलो मानवीय क्षति भइरहे पनि सरकारले देशव्यापी लकडाउन नगरिने स्पष्ट गरेको छ। कतिपय राज्यले राति कर्फ्यु लगाएका छन् भने केहीमा आंशिक लकडाउन गरेका छन्।

कोरोनाभाइरसको संक्रमणबाट निकै प्रभावित राजधानी नयाँ दिल्लीमा आगामी मे १७ सम्म लकडाउन घोषणा गरिएको छ।

मन्त्रालयका अनुसार गत जनवरीबाट शुरु भएको खोप अभियान मार्फत् हालसम्म १७ करोड २० लाख व्यक्ति लाभान्वित भएका छन्। गत मे १ तारिखबाट शुरु भएको तेस्रो चरणको खोप अभियानमा १८ वर्षभन्दा माथिको उमेर समूहका व्यक्तिलाई खोप दिन थालिएको छ। यसैबीच, भारतीय स्वास्थ्य अनुसन्धान परिषदले देशभर हालसम्म ३० करोड नमुना परीक्षण गरिएको जनाएको छ।

### चीनको जनसंख्या अझै केही वर्ष एक अर्ब ४० करोडभन्दा बढी हुनेछ : तथ्याँक विभाग

बेइजिङ, २८ बैशाख (रासस-सिन्ह्वा)।
चीनको राष्ट्रिय तथ्याँक ब्युरोले चीनको जनसंख्या अझै केही वर्ष एक अर्ब ४० करोडभन्दा केही बढी हुने जनाएको छ।

ब्युरोका प्रमुख निङ जिझेले जनसंख्याको उच्चतम विन्दु अझै आइ नपुगेको जनाउँदै तर त्यस्तो उच्चतम विन्दु कहिले आउँछ यत्तिकै पूर्वानुमान गर्न कठिन रहेको बताउनु भयो।

हालैका वर्षका जनसांख्यिक प्रवृत्तिलाई आधार मान्दा चीनको जनसंख्या वृद्धि निरन्तर घट्ने देखिन्छ, उहाँले भन्नुभयो। उमेरको संरचना, छोराछोरी जन्माउने बारेमा मानिसका धारणा, सरकारको जनसंख्या नीति, बालस्याहारमा हुने खर्च, स्वास्थ्य सेवा र मानिसको स्वास्थ्य अवस्था जस्ता पक्षले पनि जनसंख्या वृद्धिमा असर पर्ने उहाँले औंल्याउनुभयो।

चीनको जनसंख्या एक अर्ब ४१ करोड पुगिसकेको छ। विगत एक दशकमा चीनको जनसंख्या वार्षिक औसतमा ०.५३ प्रतिशतले वृद्धि भएको मङ्गलबार सार्वजनिक विवरणमा देखिएको तथ्याँक ब्युरोले जनाएको छ।

ब्युरोका अनुसार सन् २००० देखि २०१० सम्म वार्षिक ०.५७ प्रतिशतको जनसंख्या वृद्धि रहेकामा पछिल्लो दशकमा भने केही कमी आई ०.५३ प्रतिशत रहेको छ। निडका अनुसार चीनको जनसंख्या वृद्धि पछिल्लो दशकमा निरन्तर घट्नेक्रममा देखिएको छ।

### राष्ट्रसंघ सुरक्षा परिषदद्वारा कङ्गोमा शान्ति सैनिकमाथि भएको आक्रमणको निन्दा

राष्ट्रसंघ, २८ बैशाख (रासस-सिन्ह्वा)।
संयुक्त राष्ट्रसंघीय सुरक्षा परिषदले प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा तैनाथ राष्ट्रसंघीय शान्ति सैनिकमाथि भएको आक्रमणको कडा शब्दमा भर्त्सना एवं निन्दा गरेको छ।

विद्रोहीको आक्रमणमा परेर शान्ति सैनिकमा आबद्ध मलावीका एक सैनिकको ज्यान गएको थियो।

राष्ट्रसंघद्वारा जारी विज्ञप्तिमा परिषदका सदस्य राष्ट्रहरुले शान्ति अभियानका सैनिकमाथि हुने आक्रमण अन्तर्राष्ट्रिय कानुन बमोजिम युद्ध अपराधका रुपमा लिइने उल्लेख छ। आक्रमणको अनुसन्धान गर्न र अपराधीलाई न्यायको कठघरामा ल्याउन पनि कङ्गोको सरकारसँग अनुरोध गरिएको छ।

मोनुस्को नामको यस शान्ति अभियानलाई तोकिएका जिम्मेवारी पूरा गर्न र राष्ट्रसंघीय शान्ति सैनिकको सुरक्षालाई ध्यान दिन पनि कङ्गो सरकारलाई आग्रह गरिएको विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा मोनुस्का अभियानमा सैनिक र प्रहरी पठाएर मद्दत गर्ने राष्ट्रहरुप्रति सुरक्षा परिषदले आभार पनि व्यक्त गरेको जनाइएको छ।

# निको हुने दर ७५.५ प्रतिशत

काठमाडौं, २८ वैशाख (रासस) ।

मंगलबार देशभरि कोभिड-१९ का नौ हजार ४८३ सङ्क्रमित भेटिएका छन् । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मंगलबार सार्वजनिक गरेको बुलेटिनमा २० हजार ५९६ पिसिआर र ७२० एन्टिजेन परीक्षणमा नौ हजार ४८३ सङ्क्रमित पुष्टि भएको हो । मंगलबार देखिएकासँगै नेपालमा चार लाख १३ हजार १११ सङ्क्रमित छन् ।

यस्तै सङ्क्रमित निको भई पाँच हजार २२५ घर फर्किएका छन् । अहिलेसम्म तीन लाख १२ हजार १९ निको भएर घर फर्किएका छन । नेपालमा निको हुने दर ७५.५ प्रतिशत छ ।

**२२५को निधन**

मंगलबार सङ्क्रमणबाट २२५ को निधन भएको छ । मंगलबार निधन भएका सङ्क्रमित सङ्ख्या सबभन्दा बढी हो । कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको तथ्याङ्कमा नेपाली सेनाले शव व्यवस्थापन गरेका आधारमा मंगलबार निधन हुनेको संख्या त्यति पुगेको हो ।

मंगलबार निधन हुनेसँगै नेपालमा अहिलेसम्म चार हजार ८४ कोरोनाबाट बितेका छन् ।

यस्तै पाँच सयभन्दा भन्दा बढी सङ्क्रमण भएका जिल्ला ३० पुगेका छन् । तिनमा मोरङ, सुनसरी, झापा, रौतहट, धनुषा, पर्सा, बारा,महोत्तरी, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, काभ्रेपलाञ्चोक, मकवानपुर, धादिङ, नुवाकोट, कास्की, गोरखा, नवलपरासी -बर्दघाट सुस्तापूर्व), दाङ, बाँके, रूपन्देही, पाल्पा, बर्दिया, कपिलवस्तु, नवलपरासी -बर्दघाट सुस्तापश्चिम), सुर्खेत, कैलाली, कञ्चनपुर र बैतडी छन् ।

**आइसियुमा १,०८४ र भेन्टिलेरमा २९०**

सङ्क्रमितमध्ये एक हजार ८४ सघन उपचार कक्ष र २९० जनाले भेन्टिलेटरमा उपचार गराइरहेका छन् । प्रदेश नं १ मा १२७, प्रदेश नं २ मा ६०, वाग्मती प्रदेशमा ५२९, गण्डकीमा ८२, लुम्बिनीमा १६०, कर्णालीमा १०२ र सुदूरपश्चिममा २४ जना आइसियुमा छन् ।

यस्तै प्रदेश नं १ मा २९, प्रदेश नं २ मा ३७, वाग्मतीमा १८४, गण्डकीमा ११, लुम्बिनीमा १३, कर्णालीमा आठ र सुदूरपश्चिममा आठ जना भेन्टिलेटरमा छन् ।

# प्रदेश नं २ मा थप ५० हजार भिटिएम र रिएजेण्ट खरीद गरिने

जनकपुरधाम, २८ वैशाख (रासस) ।

प्रदेश नं २ सरकारले कोरोना सङ्क्रमण नियन्त्रण सन्दर्भमा परीक्षणको दायरा बढाउन थप ५० हजार भिटिएम र रिएजेण्ट खरीद गर्ने भएको छ । मुख्यमत्री लालबाबु राउतद्वारा प्रदेशका चिकित्सक, जनप्रतिनिधि र प्रमुख जिल्ला अधिकारीसँग गरिएको भर्चुअल छलफलका आधारमा प्रादेशिक कोरोना भाइरस व्यवस्थापन समितिले थप भिटिएम र रिएजेण्ट खरीद गर्ने निर्णय गरेको हो ।

समितिले प्रदेशमा हुन सक्ने अक्सिजनको अभावलाई ध्यानमा राखी सङ्घीय सरकारसँग तत्काल चार हजार अक्सिजन सिलिण्डर मांग गर्ने निर्णय पनि गरेको छ । मुख्यमन्त्री सञ्चार सचिवालयका अनुसार होम आइसोलेशनमा रहेका सङ्क्रमितको हेरचाहका लागि स्थानीय तहसँग समन्वय गर्नाका साथै जिल्ला स्वास्थ्य कार्यालयका समन्वयमा प्रत्येक अअस्पतालमा हेल्थ डेस्क स्थापना गर्ने निर्णयसमेत समितिले गरेको छ ।

# सय शय्याको कोरोना अस्पताल बनाउन शुरु

धनुषा, २८ वैशाख(रासस) :

प्रदेश २ सरकारले छुट्टै १०० शय्याको कोरोना अस्पताल निर्माण मंगलबारदेखि शुरु गरेको छ ।

जनकपुरधामको वडा नं १४ मुजेलियामा रोकिएर रहेको मणिपाल शिक्षण अस्पतालको भवनमा कोरोना अस्पताल बनाउन थालिएको हो । जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय जनकपुरधामका प्रमुख सिनियर डिभिजनल इञ्जिनियर भगवान झाले अस्पताल बनाउन छोटो प्रक्रिया मार्फत टेन्डर आव्हान गरेको प्रदेश सरकारले दुई चरणमा निर्माण सक्ने योजना रहेको बताउनुभयो ।

बीस शय्याको आइसियु सहितको संरचना १५ दिनमा सक्ने लक्ष्य छ । तीन करोड २५ लाखमा बन्ने उक्त अस्पतालमा कोरोना सङ्क्रमितको सबै प्रकारका उपचारका सुविधाहरू रहने छ ।

जनशक्ति व्यवस्थापनका लागि प्रदेश सरकारले गृहकार्य थालीसकेको प्रदेश २ को सामाजिक विकास मन्त्रालयले जनाएको छ । प्रादेशिक कोभिड-१९ सङ्कट व्यवस्थापन समितिको निर्णय एवम् मुख्यमन्त्री लालबाबु राउतको निर्देशनमा सो अस्पताल बनाउन लागिएको हो ।

# बङ्गलादेशद्वारा औषधि र स्वास्थ्य सामग्री हस्तान्तरण

काठमाडौं, २८ वैशाख (रासस) ।

बङ्गलादेशका विदेशमन्त्री डा एके अब्दुल मोमेन र स्वास्थ्य तथा परिवार कल्याणमन्त्री जाहिद मल्लिकले नेपाल सरकारको कोरोनाविरुद्धको लडाइँमा सघाउन औषधि तथा स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभएको छ ।

ढाकामा मंगलबार बिहान आयोजित एक सङ्क्षिप्त कार्यक्रममा बङ्गलादेशका लागि नेपालका राजदूत डा वंशीधर मिश्रलाई ती सामग्री संयुक्त रूपमा हस्तान्तरण गरिएको हो ।

बङ्गलादेशले बेक्सिमको फर्माबाट उत्पादित पाँच हजार थान रेम्डी सिभर, सुई तथा पिपिईलगायत अन्य अत्यावश्यक स्वास्थ्य सामग्री हस्तान्तरण गर्नुभएको ढाकास्थित नेपाली दूतावासले जनाएको छ । उक्त सामग्री मंगलबारै हिमालयन एयरलाइन्सबाट नेपाल पठाइने जनाइएको छ ।


कोरोना घटाउन र हटाउन
जनस्वास्थ्यका मापदण्ड पालना गरौं



मास्क लगाऔं, साबुनपानीले हात धोऔं, भौतिक दुरी कायम राखौं
आफू सुरक्षित रही
अरुलाई पनि सुरक्षित रहन मद्दत गरौं
तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


# लहानस्थित सिग्राही मटियर्वामा लुटपाट

लहान, २८ वैशाख (रासस) ।

सिरहाको लहान नगरपालिका-१ सिग्राही मटियर्वास्थित इन्द्रदेव ठाकुरको घरबाट ठूलो परिमाणमा धनमाल लुटपाट भएको हो । मध्यरात सात/आठ जनाको समूहमा आएका लुटेरा समूहले नगद रु ६ लाख र गरगहनासमेत गरी करीब रु१० लाख मूल्य बराबरको धनमाल लुटेर लगेको पीडित परिवारले बताएको छ ।

लुटेराहरू भऱ्याङको सहायताले छत हुँदै घरमा प्रवेश गरेको र आफ्ना दुई छोराको कञ्चटमा पेस्तोल राखी दराजको साँचो खोसेर नगद रु ६ लाख र छोरी-बुहारीले लगाएको २ तोला जति सुन र २० तोला चाँदी लुटेर लगेको ठाकुरले जानकारी दिनुभयो । लुटेराले घरका सबै सदस्यको मोबाइल कब्जामा लिएका थिए । केही बोले मारिदिने धम्की दिएको ठाकुरले समयमा प्रहरीलाई खबर गर्न नसकिएको ठाकुरको भनाइ छ ।

लुटेराहरू गइसकेपछि मात्रै घटनाबारे छिमेकी र प्रहरीलाई जानकारी गराएको उहाँले बताउनुभयो । सूचना पाएलगत्तै प्रहरी टोली घटनास्थल पुगेको र घटना सम्बन्धमा अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय लहानका प्रहरी नायब उपरीक्षक डा तपनकुमार दाहालले जानकारी दिनुभयो । लुटपाटमा संलग्नहरूको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

***ट्रकले लियो ...***

बिहान ६ बजेतिर छिमेकी बजार बरमझियामा गई केही घरायसी समान खरीद गर्ने योजनाका साथ साइकलमा निस्केका मंडल दम्पत्तिलाई विपरीत दिसाबाट तिब्र गतिमा आउँदै गरेको ना.६ख. ३८६१ नम्बरको ट्रकले ठक्कर दिएको हो ।

ट्रकले ठक्कर दिएपछि गम्भिर घाइते भएका दुबैलाई तत्कालै उद्दार गरि उपचारका लागि भारदह अस्पताल लैजादै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

मृतकको शव पोष्टमार्टमका लागि गजेन्द्र नारायण सिंह अस्पतालमा राखिएको छ भने ठक्कर दिने गाडी र चालकलाई नियन्त्रणमा लिई आवश्यक कारवाही अघि बढाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit | CITY EXPRESS MONEY TRANSFER | Best Remit Quick & Easy | PRABHU Money Transfer प्रभुको इच्छा रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*